दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १९२ | बुटवल | २०८२ असार २४ गते, मंगलबार | नेपाल संवत ११४५ | Tuesday July. 08, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## कांग्रेसका भ्रष्टाचारीले छुट पाउनुहुन्न : गगन

बुटवल । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीका नेता कार्यकर्ता भ्रष्टाचारी भए कारबाही हुनुपर्ने बताएका छन् । पार्टी कार्यालयमा केन्द्रीय कार्यसमिति बैठकमा बोल्दै थापाले कानुनी शासनमा दोषीले उन्मुक्ति पाउन नहुने बताएका हुन् ।

कांग्रेस भएकै कारणले भ्रष्टाचारीले उन्मुक्ति पाउन नहुने उनले बताए । आइतबारको बैठकमा गोपालमान श्रेष्ठले एमाले र माओवादीले भ्रष्टाचारका मुद्दामा जोडिएका आफ्ना नेतालाई जोगाएको, तर कांग्रेसले जोगाउन नसकेको भन्दै टिप्पणी गरेका थिए । त्यस्तै भ्रष्टाचार मुद्दामा धरौटीमा रिहा भएका केन्द्रीय सदस्य मोहनबहादुर बस्नेतले त थापाकै कारण आफूलाई अख्तियारले मुद्दा दायर गरेको आरोप लगाएका थिए । थापाले सोमबार उनीहरुको अभिव्यक्तिबारे जवाफ दिएका हुन् ।

त्यस्तै थापाले आगामी असोजमा बस्ने केन्द्रीय समिति बैठकले पार्टीको १५औं महाधिवेशनको मिति तोक्ने बताए । उनले क्रियाशील नवीकरणको विषयमा मेहनत गर्नुपर्ने बताए । यसअघि सदस्यता लिएकामध्ये ८० प्रतिशतले नवीकरण गर्ने सम्भावना रहेको उनको भनाइ छ । उनले नवीकरणको काम सकेपछि मात्रै नयाँ सदस्यता वितरणको काम सुरु हुने जानकारी गराए ।

उनले ०८३ मंसिरभित्रै महाधिवेशन हुने दाबी गरे ।

## धितोपत्र बोर्ड अध्यक्षको कमिसन प्रकरण संसदीय समितिमा

बुटवल । धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठको कमिसन काण्ड संसदीय समितिमा पुगेको छ ।

उनीविरुद्धको उजुरी प्रतिनिधि सभाअन्तर्गतको सार्वजनिक लेखा समितिमा दर्ता भई अर्थ समितिमा दर्ता हुने प्रक्रियामा छ । आइतबार लेखा समितिमा परेको उजुरीको दर्ता नं. ६६ रहेको छ ।

अशोक थापाले दर्ता गराएको निवेदनमा श्रेष्ठको नियुक्ति नै शंकास्पद रहेको, बिचौलियाहरूसँग उनको साँठगाँठ रहेको र पदमा रहेर प्रत्यक्ष रूपमा स्वार्थको द्वन्द्व हुने क्रियाकलाप गरिरहेको आरोप लगाइएको छ । उजुरीमा श्रेष्ठका क्रियाकलापले नेपालको पुँजी बजार र समग्र वित्तीय क्षेत्रको सुरक्षा हुन नसक्ने भन्दै शक्तिशाली छानबिन समिति गठन गरी संलग्न अन्य व्यक्तिहरूमाथि पनि कानुनी कारबाहीको सुनिश्चितता माग गरिएको छ ।

संसदीय समितिले छानबिन गर्नुपर्ने विषयहरू ८ वटा बुँदामा उल्लेख गरिएको छ । जसमा दर्जनौं कम्पनीहरूको फाइल अड्काएर कानुनविपरीत आफ्नै लगानी रहेको बुंगल हाइड्रोलाई आइपीओ निष्काशनको अनुमति दिएको, ऊर्जा उत्पादकहरूको आइपीओ निष्काशनमा बिचौलियाहरूमार्फत् ३ देखि ७ प्रतिशतसम्म कमिसन मागेकोलगायत छन् ।

यस्तै, डीजी हब नामको आइटी कम्पनीलाई नयाँ टीएमएस प्रणालीको व्यापार सुनिश्चित गरिदिनका लागि ब्रोकर कम्पनीहरूको पुँजीवृद्धि गर्ने योजना बिनासर्त ९ महिना सार्ने निर्णय गरेको, प्रस्तावित हिमालयन स्टक एक्सचेन्जको मुख्य लगानीकर्ता दीपक भट्टको इन्फिनिटी होल्डिङ्ससँग श्रेष्ठको शंकास्पद सम्बन्ध रहेको, राज्यकोषलाई २७ अर्ब रुपैयाँ नोक्सान हुने गरी नयाँ स्टक एक्सचेन्जलाई लाइसेन्स दिन मरिहत्ते गरेको उजुरीमा उल्लेख छ । सम्पत्ति शुद्धीकरणमा छानबिन भइरहेका दीपक भट्ट र उनको समूहसँगको व्यावसायिक सम्बन्ध र निकटताको विषय, शम्पत्ति शुद्धीकरण विभागले दीपक भट्टमाथि छानबिन नगरी वर्षौंसम्म फाइल अड्काएर अहिले राष्ट्र बैंकलाई पत्र लेखेको विषय र अध्यक्ष श्रेष्ठका साथै धितोपत्र बोर्डका सदस्यहरू महेश बराल, विनोदकुमार भट्टराई र रेवतीप्रसाद नेपालले राज्यको ढुकुटीबाट तलब भत्ता लिएर बिचौलियाहरूलाई स्टक एक्सचेन्जको लाइसेन्स दिन मरिहत्ते गरेको विषय पनि उजुरीमा किटान गरिएको छ ।

### रूपन्देही ३ को उप–चुनाव :

# बालेनका सल्लाहकार तिलोत्तमाका गिरी उम्मेदवार बन्दै



काठमाडौंका मेयर बालेन साह र उप-मेयर सुनिता डंगोलसँग सन्तोष गिरी ।

लुम्बिनी संवाददाता
*बुटवल*

रुपन्देही ३ को उप-निर्वाचनमा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) का सल्लाहकार तिलोत्तमाका सन्तोष गिरीले पनि स्वतन्त्र उम्मेदवारी दिने तयारीमा छन् । ३३ वर्षीय गिरी तिलोत्तमा नगरपालिका ६ पश्चिम पहुनीका बासिन्दा हुन् । जुन रुपन्देही क्षेत्र नं. ३ मै पर्छ । गिरीले दैनिक लुम्बिनीसँग संक्षिप्त कुरा गर्दै धेरैतिरबाट आग्रह भएकाले उम्मेदवार बन्ने सोंचका साथ तयारीमा रहेको खुलाए ।

'उम्मेदवार बन्न रुपन्देही-३ का विभिन्न क्षेत्रका शुभेच्छुकहरुले आग्रह गरेकाले बन्नुपर्छ भन्ने सोंच भयो, बन्ने सम्भावना पनि छ,' गिरीले भने-'तर हतार गरेर तयारी नै गरेको छैन, साउनमा थाहा हुन्छ ।'

बालेनका खाद्य सल्लाहकार गिरी अर्थशास्त्रमा एमए र कानुनमा एलएलबी गरेका छन् । उनी नेपाल स्वीस चेम्बर अफ कमर्शको प्रमुख कार्यकारी अधिकृतका रूपमा पनि काम गरिरहेका छन् । एमालेनिकट अनेरास्ववियु रुपन्देहीको सह-सचिव बनेका गिरी प्रखर वक्ताका रुपमा समेत चिनिन्छन् । स्वतन्त्र राजनीति र युवा नेतृत्वको पक्षमा बोल्दै आएका गिरीलाई परिवर्तन चाहने युवाहरुको ठूलो हिस्साले विकल्पको रुपमा हेरिरहेको बताइन्छ । वैकल्पिक राजनैतिक शक्तिहरुले उनलाई साझा उम्मेदवारको रुपमा अघि सार्ने सम्भावना पनि उत्तिकै छ ।

गिरी निकट स्रोतका अनुसार बालेनलाई महानगरमा एक्लै पारेपछि संसदमा उनको पक्षमा आवाज उठाइदिने कोही नभएकाले बालेन समर्थकको टिमले नै गिरीलाई स्वतन्त्र उम्मेदवार बनाउन लागेको हो । 'बालेनलाई सत्तारुढ दुई दलले एक्लाएर काम गर्न नदिँदा उनको पक्षमा यदाकदा राप्रपाका ज्ञानेन्द्र शाहीले मात्रै संसदमा कुरा उठाउँछन्, अरुले आवाज उठाइदिएनन् भनेर बालेन समर्थकहरुले यही क्षेत्रका सम्भावना बोकेका युवालाई उम्मेदवार बनाउन लागिएको हो,' तिलोत्तमा-६ का बालेन समर्थक एक युवाले भने-'अहिलेको युवा पुस्ताले सबैभन्दा रुचाएको बालेनलाई नै हो, उनलाई काम गर्न नदिएर दुःख दिएको देखेर उनको मान्छेलाई उम्मेदवार बनाउन हामी नै लागेका हौं ।'

ती युवाको दाबीअनुसार सन्तोषको चुनावी कमाण्डर सागर ढकाल बन्ने चर्चा छ । तर स्वयं सागरले यसको पुष्टी गरिसकेका छैनन् ।

बालेन समर्थकहरुले गिरीको पक्षमा रास्वपाको समेत साथ लिन खोजेका छन् । स्वतन्त्र उम्मेदवारी दिने तयारीमा रहेका गिरीले आफूभन्दा योग्य युवा उम्मेदवार आए उसैलाई सहयोग गर्न तयार रहेको बताए ।

आइतबार नै बुटवल मोतीपुरका लेखनाथ गैरेले औपचारिकरुपमा स्वतन्त्र उम्मेदवारी घोषणा गरेका छन् ।

कात्तिक १७ गते हुने उप-निर्वाचनमा नेपाली कांग्रेसबाट बालकृष्ण खाँण, भरत शाह, प्रमोद यादव, रामचन्द्र ढकाल, रमेश खनालगायतको नाम चर्चामा छ । तर नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएर थुनामा परी रिहा भएका खाँण उम्मेदवारी दर्ताको समयसम्म मुद्दाको किनारा लागेमात्रै उम्मेदवार बन्ने अन्यथा नबन्ने उनी निकटहरु बताउँछन् । एमालेबाट पोलिटब्युरो सदस्य खिमलाल भट्टराई, व्यवसायी शशि पौडेल, पूर्व प्रदेश सांसद दधिराम न्यौपाने, केन्द्रीय निर्वाचन आयोगका सदस्य भरत पोखरेल र सिद्धार्थनगर नगरपालिकाका पूर्वमेयर हरि अधिकारी पनि उम्मेदवार बन्ने चर्चा छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दीपक बोहराका छोराहरु क्या. गौरव बोहरा, प्रज्ज्वल बोहरा, नातिनी स्वाती थापा, पूर्व मेयर सागरप्रताप राणालगायत आकांक्षी छन् । गौरव र प्रज्ज्वल दुई श्रीमतीका छोरा हुन् ।

माओवादी केन्द्रसहितका विपक्षी दलबाट एकीकृत समाजवादीका महासचिव घनश्ययाम भुसाल र युवा नेता एवं अस्पताल व्यवसायी कमल भण्डारी उम्मेदवार बन्ने चर्चा छ । रास्वपाबाट उम्मेदवारका आकांक्षी आफैं खुलेका छैनन् । तर आकांक्षी निकटहरुका अनुसार क्षेत्र नं. ३ का सभापति मधु अर्याल, सहकारी अभियान्ता ज्ञानु पौडेलगायतको नाम चर्चामा छ ।संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबाट नागरिक उन्मुक्ति पार्टीले उम्मेदवारी दिने ७ दलबिच सहमति भएको थियो । नागरिक उन्मुक्तिबाट रेशम चौधरी र धनिराम चौधरी उम्मेदवार बन्ने चर्चा छ । तर ७ दलको सहमतिबाट पछि हटेर जनमत पार्टीले छुट्टै उम्मेदवार उठाउने चर्चा छ ।

**यस्तो छ विगतको नतिजा**

९० हजार मत खसेको २०७९ सालको निर्वाचनमा नेपाली कांग्रेसले २० हजार २७८ मत पाएको थियो । एमालेले १६ हजार ९८६ मत पाउँदा रास्वपाले १४ हजार १५४ र राप्रपाले भने जम्मा ९ हजार १८३ मत पाएको थियो ।

त्यस्तै नागरिक उन्मुक्ति पार्टीले ६ हजार र जसपाले ५ हजार मत पाएको थियो । लोसपाले ५ हजार, जनमत पार्टीले ३ हजार ७००, माओवादी केन्द्रले २ हजार ६०० सय, जनमुक्ति पार्टीले १ हजार ९००, हाम्रो नेपाली पार्टी (लौरो)ले १ हजार ३४७ र नेकपा एकीकृत समाजवादीले ७८१ मत पाएका थिए । रुपन्देही-३ मा १ लाख ३९ हजार ७६४ मतदाता छन् । यो क्षेत्रमा नेपाल-भारत सीमा क्षेत्र बेलहिया नाकादेखि बुटवल उप-महानगरको वडा नम्बर १४ देखि १९, शुद्धोधन गाउँपालिका र सिद्धार्थनगर नगरपालिकाका सबै वडा, सियारी गाउँपालिकाको वडा नं. १ देखि ३, ६ र ७, ओमसतिया गाउँपालिकाको वडा नं. २, मायादेवी गाउँपालिकाको वडा नं. ७ र ८, तिलोत्तमा नगरपालिकाको वडा नं. १३ र १४ र बुटवल उप-महानगरपालिकाको वडा नं. १४ देखि १९ वडा समेटिएको छ ।

» *बाँकी ३ पेजमा*

# सहकारी नियमन प्राधिकरणको अध्यक्षमा खगराज ?



बुटवल । सरकारले राष्ट्रिय सहकारी नियमन प्राधिकरणको जिम्मा एमाले सहकारी विभागका सदस्य डा. खगराज शर्मालाई दिने सम्भावना देखिएको छ ।

प्राधिकरण अध्यक्ष नियुक्तिका लागि गठित सिफारिस समितिले एमाले सहकारी विभाग सदस्यसहित तीन जनाको नाम सिफारिस गरेको हो ।

सिफारिस समितिले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका पूर्वसचिव अर्जुनप्रसाद पोखरेल, नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नारायण पौडेल र नेकपा एमाले सहकारी विभाग सदस्य डा. खगराज शर्माको नाम सिफारिस गरेको छ ।

मन्त्रिपरिषद्को आगामी बैठकले शर्मालाई नै नियुक्त गर्ने उच्च सम्भावना रहेको स्रोतको भनाइ छ ।

शर्मा सहकारी विकास बोर्डको सदस्यसचिव भइसकेका छन् । सिफारिस समितिले छनोट गरेको तीन जनाभित्र पर्दा पनि उनले पार्टीको जिम्मेवारीबाट राजीनामा दिएका छैनन् ।

सिफारिस समितिले राजनीतिक दलको जिम्मेवारीमा रहेको व्यक्तिलाई जानाजानी सिफारिस गरेको छ। राजनीतिक पार्टीको जिम्मेवारीमा भएको व्यक्ति प्रधिकरण अध्यक्ष बन्न मिल्ने देखिँदैन ।

आवेदन क्रममा उम्मेदवारलाई राजनीतिक सदस्यता भए/नभएको स्वःघोषणा गर्न लगाइएको थियो । जुन कुरा अयोग्यताको सूचीमा छ । सिफारिस समितिले पनि यस्तो विषयलाई ध्यानमा राखेर सिफारिस गर्नुपर्नेमा त्यस्तो नगरेको देखिन्छ ।

शर्मा लुम्बिनी विशिष्टिकृत सहकारी संघको अध्यक्ष पनि भएका थिए । त्यसभन्दा अघि सिद्धार्थ बहुउद्देश्यीय सहकारीका अध्यक्ष पनि भएका थिए ।

राममणि क्याम्पसमा अध्यापन गराएका शर्मालाई क्याम्पस व्यवस्थापनले बर्खास्त गरेको थियो । पछि उनले मुद्दा जितेका थिए ।

शैक्षिक रूपमा सहकारीमा विद्यावारिधि गरेका शर्मा सहकारी अभियन्ता हुन् । त्यसैगरी सहकारी विकास बोर्ड सदस्यसचिव भएका शर्माको सहकारी ऐन कानुनले तोकेको १५ वर्षको अनुभव भने पुग्दैन ।

प्राधिकरण अध्यक्षका लागि एमाले सहकारी विभाग सचिव तथा सहकारी महासंघ सञ्चालक परितोष पौडेलसहित ६ जनाको आवेदन परेको थियो ।

आवेदन दिनेमा अर्जुन पोखरेल, हरि नेपाल, नारायणप्रसाद पौडेल, सहकारी बोर्डका वरिष्ठ अधिकृत अनिल पौडेल र सहकारी विकास बोर्डका पूर्व सदस्यसचिव तथा नेकपा एमाले सहकारी विभाग सदस्य डा. खगराज शर्मा थिए ।

सिफारीस समितिले आवेदकमध्येबाट कार्ययोजना प्रस्तुतिकरण र अन्तर्वार्ता गरी ३ जनाको नाम सिफारिस गरेको हो । समितिले सिफारिस गरेकामध्ये एकलाई मन्त्रिपरिषद्ले नियुक्त गर्ने छ ।

समितिले अध्यक्ष र सदस्यको योग्यता सहकारी ऐन २०४७ को दफा १०३ अनुसार कायम भएको हुनुपर्ने व्यवस्था गरेको छ ।

सोही अनुसार अध्यक्षका लागि 'कम्तीमा राजपत्रांकित प्रथम श्रेणी वा सोसरह कार्य गरेको वा अन्तर्राष्ट्रिय वा राष्ट्रियस्तरका बैंक वा वित्तीय वा सहकारी संस्थामा रही कम्तीमा १५ वर्ष कार्य अनुभव भएको हुनुपर्ने' भनेर तोकिएको छ ।



दैनिक लुम्बिनी

## सम्पादकीय

# केबुलकारमा लगानी

अहिले धमाधम केबुलकार बनाउन लगानी गर्न व्यवसायी उत्साहित छन् । अहिलेसम्म पहिचान भएका १५ मध्ये आठ केबुलकार सञ्चालनमा आइसकेका छन् भने केही निर्माणाधीन र केही निर्माणको तयारीमा रहेका छन् । पर्यटन प्रवर्धनका लागि केबुलकार चलाउन राज्य लचिलो भएकाले व्यवसायी उत्साहित भएका हुन् । व्यवसायीले मनपरी लगानी गर्दा हुने लगानीको जोखिम र वातावरणीय प्रभावका बारेमा राज्यले हेक्का राख्नुपर्छ ।

पर्यटकीय प्रवर्धनका लागि पूर्वाधार विकास जति आवश्यक छ, त्यसले पार्ने वातावरणीय प्रभावलाई नजरअन्दाज गर्न पटक्कै हुँदैन । मनपरी केबुलकार सञ्चालनको अनुमति दिँदा वन क्षेत्र मासिएको, व्यवसायीले स्थानीय समुदायको अग्राधिकार र अपनत्वलाई पटक्कै ध्यान नदिएकोले सामाजिक द्वन्द्वका बाछिटा देखिएका छन् । पाथिभरा केबुलकार निर्माणका क्रममा हिंसात्मक रुप लिएपछि अहिले स्थगित छ । अहिलेसम्म मनकामना, चन्द्रागिरी, कालिञ्चोक, अन्नपूर्ण, मौलाकाली, लुम्बिनी, बन्दीपुर र सिद्धार्थ केबलकार सञ्चालनमा छन् । यस्तै जल्पादेवी, पुम्दिकोट महादेव, चम्पादेवी, पाथीभरा, सिकलेस, छिम्केश्वरी, र विश्वकै लामो मुक्तिनाथ केबलकार निर्माणको तयारीमा छन् ।

अहिले बनेका र निर्माणाधीन ठाउँमा केबलकार कति आवश्यक थियो भन्ने बारेमा सरकारीस्तरबाट विश्लेषण हुनुपर्छ । बुटवलमा दुई वटा केबुलकार सञ्चालनमा आएका छन् । ती केबुलकारले पर्याप्त ग्राहक पाउन नसक्दा लगानीकर्तालाई अप्ठारो परेको छ । मुक्तिनाथ केबुलकार सुन्दा जति आकर्षक छ, जलवायु परिवर्तनको धेरै असर हिमालमा परिरहेको अध्ययनले देखाइरहेको बेला मुक्तिनाथ केबुलकार कति सुरक्षित भन्ने प्रश्न पनि उठ्नु स्वाभाविकै छ । पोखरामै कति केबुलकार आवश्यक छन् ? यसबारे व्यवसायी र राज्य दुवैले अध्ययन गरेका छैनन् । बुटवलमा व्यवसायीले मिहिन अध्ययन गरेको भए सम्भवतः दुईवटा केबलकार बन्ने थिएनन् ।

चुरे क्षेत्रमा भइरहेको मनपरी दोहनले तराई मरूभूमिकरणको जोखिममा छ । भूकम्पीय दृष्टिले पनि चुरे जोखिममा छ । चुरेको संरक्षणमा राज्य संवेदनशील बन्नुपर्ने बेला चुरे क्षेत्रलाई लक्षित गरी केबुलकार चलाउन कति दिने ? यसबारेमा पनि राज्य प्रष्ट छैन । ढुङ्गागिट्टी र काठ निकासी तथा सडक पूर्वाधार बढाउँदा बढेको चुरे दोहन अरु विकास पूर्वाधारले पनि दोहन बढिरहेको छ । वातावरणीय जोखिम न्यूनीकरण गर्न सक्दा मात्रै विकास पूर्वाधार दीगो हुन्छन् । पर्यटन प्रवर्धनका लागि केबुलकार बनाउनुपर्छ भन्ने छैन । सबै ठाउँमा सडक बनाउँदा पदमार्ग नासिएका छन् । केबुलकारले मौलिकता खोसिने जोखिम पनि उत्तिकै छ ।

विकास पूर्वाधारले सुविधा दिन्छ, समाजलाई नयाँ ढंगले अघि बढाउँछ । जीवनयापनमा गुणस्तर बढाउँछ, तर कतिपय विकास पूर्वाधारले मौलिकता नासिँदा त्यसले दुरगामी असर पर्छ । घान्द्रुकमा सडक पुग्दा त्यहाँको मौलिकता मासिएको र अबको केही वर्षमा पर्यटकको आकर्षण नहुने जोखिम बढ्दो छ । जलवायु परिर्वतनले हिमालमा पहिले जस्तो हिउँ देखिन छाडेकाले पनि घान्द्रुक पर्यटकको रूचीबाट अलगिनु अस्वाभाविक होइन । केबुलकार बन्दा पर्यटक बढ्दा समुदायले लाभ पाउँछन् कि पाउँदैनन् त्यो पनि महत्वपूर्ण प्रश्न छ । समुदायको आयआर्जन खोसिने, तर निश्चित व्यवसायिक घरानाले पर्यटकीय स्थल कब्जा जमाउने परिस्थिति पनि पटक्कै राम्रो होइन् ।

# आफू को हो आफैंले चिनौं



झपेन्द्र जिसी

अब नेपालीले आफैं चिन्ने बेला भएको छ । हाम्रो सनातनी धर्म के हो ? सनातनी संस्कृति के हो ? कतै सात समुद्र पारिको धर्मलाई आधुनिक धर्म र नेपालको दक्षिण दिशातिरको धर्मलाई आफ्नो सनातनी धर्म भन्दै त छैनौं ? कम्तिमा विचार गरे कसो होला ? हामी नेपालीले बुद्धलाई आफ्नो भनेर चिनेनौं, मानेनौं । हिमाली शैव धर्म संस्कृतिलाई मूर्तिमा मात्र सजायौं । निरञ्जन निराकार र निरगुणलाई उच्च जातिको मात्र बनायौं ।

माने पेमे हुँ (वोन धर्म संस्कृतिको मन्त्र अथवा हिमाली मन्त्र/ बौद्ध वा लामा मन्त्र ।

ओम् मणि पद्मे हुँ । खशान राज्य जुम्ला । सिंजामा उत्पत्ति भएको मन्त्र ।

नमो शिवाय- शैव मन्त्र । वा शिव प्रकृति !

निरञ्जन, निर्गुण, निराकार अर्थात् जातपातविहीन समाजको प्राचीन मन्त्र । शिवलाई मानव समुदायले मानसरोवर कैलाश भूमि हिमाल पर्वत श्रृंखलाका अधिपतिका रुपमा ग्रहण गर्दै आएका छन् ।

त्यो युग त्यस्तो युग थियो, जुन युगमा बाटो र यातायातको बाहन थिएनन् । त्यो बेला, शिव र उनकी श्रीमती पार्वती (पर्वतकी पुत्री) लाई बसाहा साँढेमा चढाएर हिमालबाट, चुरे पर्वत मुनि तराई र काठमाडौं जस्ता उपत्यकामा आई बसेका आधारमा काठमाडु बागमती किनारा समीप श्लेष्मान्तक वनमा बसोबास गरेको हुँदा लिच्छवि राजा आनन्ददेवले पशुपतिनाथको मन्दिर र निराकार शिवको मूर्ति समेत निर्माण गरे गराएको इतिहासमा बताइएको छ । सोही विश्वासको आधारमा पशुपतिनाथको मन्दिर भनिएको छ । र मन्दिर नजिकै आकर्षक र भव्य साँढेको आकृति पित्तलको धातुमा निर्माण गरेको पाइन्छ ।

निरञ्जन, निराकार, शैव स्वरुपलाई मूर्तिकरण गरिनु कति जायज कति नाजायज हो । यो व्यापक छलफल र विवेचनाको विषय हुँदै हो ।

यही पशुपति मन्दिरलाई नेपालको सबैभन्दा ठूलो मन्दिर र धेरैबाट पूजित आस्था केन्द्रको रुपमा ग्रहण गरिएको छ । नेपालका लुम्बिनी पुत्र सिद्धार्थ गौतमले प्रतिपादन गरेको मतलाई बुद्ध दर्शन भनिन्छ । संयक्, दृष्टि, संयक् वचन, संयक् व्यायाम, संयक् संकल्प, संयक् ध्यान, संयक् समाधि जस्ता अष्ट मार्गलाई अष्टाङ्गिक मार्ग भनिएको छ । अष्टाङ्गिक मार्गबाट संसारको दुःख हटाउने धारणा प्रस्तुत गर्ने सिद्धार्थ गौतमको मतलाई बुद्ध दर्शन भनियो र भनिन्छ, तर पछिल्लो चरणमा बुद्ध धर्म पनि भनिदै आएको छ । बुद्धको शान्ति सन्देशले विश्वका अधिकांश मानवजाति सबैलाई घचघच्याएको छ ।

तर हिन्दु वेदान्तवादी दार्शनिकहरुले बुद्धलाई षडदर्शनभित्र समाविष्ट गरेनन् ।

वेद नै सर्वश्रेष्ठ ग्रन्थ हो, भन्ने वेदान्तवादीले वेद निन्दक बुद्धलाई र बुद्ध दर्शनलाई पाखा राखे । बुद्धलाई नास्तिक भनेका छन् । वेदान्तवादीको सर्वसत्ताले बुद्ध र बुद्ध दर्शनलाई बहिष्कार र तिरस्कार गरे पनि बुद्ध दर्शनको महत्व घटेको छैन बरु वृद्धिमान छ ।

आफू के हो र को हो ? हामी नेपाली हौं । तर नेपाली मानव समाजभित्र बहुजाति छौं, बहुधर्मी छौं, बहुसंस्कृतिका परिशिलनकर्ता छौं, प्राचीन एवम् पूर्व मध्यकालमा पश्चिम जुम्ला, सिंजा क्षेत्रको खश साम्राज्यको इतिहासलाई उद्धृत गर्दै प्राडा सूर्यमणि अधिकारीले एउटा नक्सा प्रस्तुत गरेका छन् । पश्चिममा केदारनाथ, गढवाल, देहरादुनदेखि पूर्व त्रिशुली काठमाडुसम्म खश राज्य थियो । उत्तरमा मानसरोवर कैलाश, तिब्बतको गुंगे, पर्वत श्रृंखला, ड्यारी, हिमाली श्रृंखला पनि खशहरुकै राज्य थियो । काठमाडुसहित पूर्वतिर दार्जिलिङ्ग सिक्कमसहितको किराँत राज्य । दक्षिणमा गंगा नदीसम्म विस्तारित प्राचीन नेपाल विस्तारित हुने र खुम्चिने कार्य जारी नै रह्यो ।

शाक्य कोलीय, शाह, शाही, सेन, राउटे, चेपाङ, वनकरिजा जस्ता विभिन्न अनेक थरका मानिसहरु बसोबास गर्दथे । यी सबै जातिको घर आजको नेपाल हो । थियो ।

ती सबै जातजाति नेपाली परिवारका सदस्य हुन् । मानव हित कल्याण र अन्तिम निर्वाणमा प्रेरित गर्ने दर्शन लुम्बिनी दर्शन नै हो । अर्थात् बौद्ध दर्शन नै हो । यो दर्शन शान्तिको दर्शन हो । यो दर्शनले मध्यकालमा खशान क्षेत्र, जुम्ला, हुम्ला, सिंजा, जाजरकोट, कालिकोट, गण्डकी प्रवण क्षेत्रमा व्यापक थियो र अहिले पनि त्यहाँ रहेका पूर्व मध्यकालमा निर्मित गुम्बा चैत्य विहारले बताइरहेका छन् । गोरखाको ताघवाई गुम्बा, सुर्खेतको काँक्रे विहार यसका नमूना हुन् ।

काँक्रे विहार सुर्खेतको प्रसङ्गमा मात्रै सीमित हुनु छैन, खश राजाहरुको आधिपत्य त कुमाउँ गढवालसम्म थियो ।

कुमाउँका राजा पुरुषोत्तम सिंहले बोधगयामा गन्ध कुटी निर्माण गर्न सिंजाका राजा अशोक चल्ललाई ढोगेर अनुमति प्राप्त गरेको प्रसङ्गले जुम्लाका राजाहरु महाराजाधिरज र कुमाउँका राजा र राज्य अधीनत्थ रहेको देखाउँछ । यसको अर्थ पश्चिमतर्फ नेपाल कुमाउँसम्म रहेको देखाउँछ ।

अशोक चल्लकै पालामा गण्डकी प्रदेश पनि खश साम्राज्यमा विलीन भइसके, उनका उत्तराधिकारी जितयारी मल्लले काठमाडु उपत्यकामा आक्रमण गरी विजय हासिल गरेका थिए र करद राज्य बनाएका थिए ।

खश राजा सम्राट अशोकले वि.सं. १२८० मा कुमाऊँमा विजय हासिल गरेका थिए ।

यसरी नै क्रमशः अशोक चल्लले गढवालमा विजय हासिल गरी गोपेश्वर मन्दिर नजिक विजय स्तम्भ निर्माण गरेका थिए ।

खश साम्राज्यलाई त्यो बेला नेपाल नभनिए पनि महाकालीदेखि पूर्वका खशान क्षेत्र सवा लाख पर्वतको राज्य (सपादलक्षय) का आधिपत्य रहेको भूमि पनि अहिले पनि नेपालमै छ । त्यति मात्र कहाँ हो र ? जुम्लाको सिंजामा उत्पत्ति गरिएको खश भाषा अहिले नेपाली सर्वजातिको सम्पर्क भाषाको माध्यम बनेको छ । त्यति मात्र होइन, नेपाली बोल्ने जातजातिको आ-आफ्नै मातृ भाषा छन् ती भाषा हामी सबैका साझा सम्पत्ति हुन्, गौरव हुन् र पहिचान बनेका छन् ।

तर लोक साहित्य, लोकगीत र लोकधुन गुन्गुनाउने माध्यम हिजोकै त्यही जुम्ली सिंजाली खश भाषा नै बनेको छ ।

खश भाषा वा नेपाली भाषा गतिशील भाषा हो । यो भाषा सामन्ती भाषा होइन, यो भाषा यथास्थितिमा रहन पनि सक्दैन । यही खश भाषामा बोलेर पुराना खश भाषीलाई शरणार्थी भन्न पनि मिल्दैन ।

आरम्भै उल्लेख गरियो नेपाली दर्शन धर्म संस्कृति के रहेछ । हाम्रो प्राचीन धर्म दर्शन शैव दर्शन रहेछ । दर्शन र धर्मले जातीय विभेद गरेको रहेनछ । नेपाल र नेपाली त समानतावादी रहेछन् र हो । प्रकृतिवादी थिए र हो । नेपाल र नेपालीको मौलिकता भनेकै बराबरी हो । खशान क्षेत्रका जनता र खश राजाहरु बौद्धमार्गी रहेछन्, समानतावादी रहेछन् ।

अब नेपालीले आफैं चिन्ने बेला भएको छ । हाम्रो सनातनी धर्म के हो ? सनातनी संस्कृति के हो ? कतै सात समुद्र पारिको धर्मलाई आधुनिक धर्म र नेपालको दक्षिण दिशातिरको धर्मलाई आफ्नो सनातनी धर्म भन्दै त छैनौं ? कम्तिमा विचार गरे कसो होला ? हामी नेपालीले बुद्धलाई आफ्नो भनेर चिनेनौं, मानेनौं । हिमाली शैव धर्म संस्कृतिलाई मूर्तिमा मात्र सजायौं । निरञ्जन निराकार र निरगुणलाई उच्च जातिको मात्र बनायौं ।

# नैरोबी फ्लाइ : नेपालमा पछिल्ला वर्षहरूमा देखिएको प्रभाव र सावधानीका उपायहरू

डा. कमल राज बराल / ज्योत्सना जोशी




'किराले पोल्यो', 'छालामा रातो डाम पऱ्यो', 'आँखा सुन्नियो' – पछिल्लो केही समययता यस्तो सुनिन थालेको छ, जुन सामान्य टोकेको जस्तो देखिए पनि खासमा एउटा विशेष किराको कारणले भएको हो, जसलाई भनिन्छ – नैरोबी फ्लाइ । नेपालमा पछिल्ला केही वर्षयता नैरोबी फ्लाइको संक्रमणका घटनाहरू उल्लेख्य रूपमा बढेका छन् । विशेषगरी पूर्वी तराईका झापा, मोरङ, सुनसरी, र पछिल्लो समय काठमाण्डौं, बर्दिया, बाँके, र म्याग्दी जस्ता पहाडी तथा तराईका जिल्लाहरूमा समेत यसको प्रभाव देखिएको छ ।

**नैरोबी फ्लाइ के हो ?**

नैरोबी फ्लाइ (Paederus beetle) स-सानो, कालो र रातो/खैरो रंगको कीरा हो, जसलाई स्थानीय रूपमा 'एसिड किरा' वा 'केन्याली किरा' पनि भनिन्छ । यो किरा पूर्वी अफ्रिकाबाट उत्पत्ति भएको भए पनि पछिल्ला वर्षहरूमा भारत हुँदै नेपालमा फैलिएको छ । यी कीराहरू प्रायः बढी वर्षा हुने, तातो र आर्द्र स्थानमा पाइन्छन् ।

**संक्रमण कसरी हुन्छ ?**

नैरोबी फ्लाइले मानिसलाई टोक्दैन वा डस्दैन । तर, यदि यो किरा छालामा बसेको बेला थिचियो वा मिचियो भने, यसले पेडेरिन नामक विषाक्त एसिड छोड्छ, जसले छालामा जलन, एलर्जी, रातोपन, फोका, घाउ, र चिलाउने समस्या निम्त्याउँछ । लक्षणहरू प्रायः १२ घण्टादेखि २ दिनभित्र देखिन थाल्छन् । कहिलेकाहीँ संक्रमण फैलिँदा ज्वरो, स्नायु तथा जोर्नी दुख्ने, वान्ता हुने जस्ता लक्षणसमेत देखिन सक्छ ।

**पछिल्ला वर्षहरूमा नेपालमा देखिएको प्रभाव**

-२०२२ देखि २०२५ सम्म झापा, मोरङ, सुनसरी, बाँके, बर्दिया, कञ्चनपुर, काठमाण्डौं, म्याग्दीलगायतका जिल्लाहरूमा सयौं संक्रमित बिरामी स्वास्थ्य संस्थामा पुगेका छन् ।

- झापामा एकै दिन ५० भन्दा बढी बिरामी उपचारका लागि आउने गरेको स्वास्थ्यकर्मीहरूले बताएका छन् ।

- काठमाण्डौंमा समेत नागरिक अस्पतालमा गम्भीर छालामा संक्रमण भएका बिरामी भेटिएका छन् ।

- बर्दिया, बाँके, म्याग्दी जस्ता जिल्लामा रोपाइँको समयमा, बढी वर्षा भएका ठाउँमा किसानहरूमा बढी संक्रमण देखिएको छ ।

- नेपालगञ्ज, बर्दिया, बाँकेमा छालामा डढेलो, फोका, घाउ, चिलाउने समस्या लिएर अस्पताल पुग्ने बिरामीको संख्या बढेको छ ।

**रोकथाम र सावधानी**

- यी किरा उज्यालोतर्फ आकर्षित हुने भएकाले राति घरको बत्ती कम बाल्ने, झ्यालमा जाली लगाउने, लामो बाहुला भएका कपडा लगाउने, झुलमा सुत्ने ।

-किरालाई मिच्नु हुँदैन । शरीरमा बसेको भए फुकेर उडाउनुहोस् वा कपडाले बिस्तारै झार्ने ।

-छालामा एसिड लागेको खण्डमा तुरून्त साबुन पानीले सफा गर्ने ।

-हात-मुख नछुनुहोस् । विशेष गरी आँखा जोगाउनु अत्यावश्यक हुन्छ ।

-संक्रमण गम्भीर भएमा छाला रोग विशेषज्ञसँग सम्पर्क गर्ने ।

**चिकित्सक वा छाला रोग विशेषज्ञसँग कहिले परामर्श लिने ?**

-छालामा अत्यधिक पोलाइ, डाम वा असह्य जलन भएमा ।

-फोका गहिरो भएर पस आउनु, घाउ बढ्दै गएमा ।

-आँखामा सूजन, रातोपन आउनु वा दृष्टिमा असर परेमा ।

-ज्वरो, टाउको दुखाइ, स्नायु वा जोर्नी दुख्ने, वान्ता जस्ता संक्रमणका संकेत देखिएमा ।

- डराउनु पर्दैन – समयमै उपचारले समस्या समाधान हुन्छ ।

अन्त्यमा,

नैरोबी फ्लाइको संक्रमण नेपालमा पछिल्ला वर्षहरूमा बढ्दो छ, विशेष गरी वर्षायाममा । यद्यपि, यो संक्रमण महामारीको रूपमा फैलिने छैन र अधिकांश संक्रमितहरू बिना उपचार नै निको हुन्छन् । तर, सावधानी अपनाउन आवश्यक छ, विशेष गरी कृषक, बालबालिका र संवेदनशील छालाका व्यक्तिहरूले ।

स्वास्थ्य खबरबाट

# नेप्से परिसूचक २२ अङ्कले घट्यो



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार दोहोरो अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक २२ दशमलव ३५ अङ्कले घटेर दुई हजार ६८४ दशमलव ०१ को बिन्दुमा कायम भएको हो ।

विभिन्न ३११ कम्पनीका एक करोड ९४ लाख १५ हजार ६८८ कित्ता शेयर ७१ हजार ३१३ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ३७ करोड ७३ लाख २७ हजार १४७ बराबरको कारोबार भएको छ । होटल तथा पर्यटन समूह शून्य दशमलव ६१ र म्युचुअल फण्ड शून्य दशमलव ०७ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ शून्य दशमलव ७९, विकास बैंक शून्य दशमलव ८१, वित्त तीन दशमलव ७६, जलविद्युत् एक दशमलव ०२ र लगानी समूह शून्य दशमलव ७६ प्रतिशतले घटेको छ । त्यस्तै, जीवन बिमा शून्य दशमलव ९३, उत्पादन तथा प्रशोधन एक दशमलव २४, लघुवित्त शून्य दशमलव ७०, निर्जीवन बिमा शून्य दशमलव ६६, व्यापार एक दशमलव २५ र अन्य समूह शून्य दशमलव १५ प्रतिशतले घटेको छ ।

कारोबारमा सबैभन्दा धेरै माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेडको शेयर मूल्य छ दशमलव ५६ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु ८० करोड ७० लाख ५६ हजार चार सय ५१ बराबरको शेयर खरिद बिक्री भएको छ । त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा प्रभु सेलेक्ट फण्डको सबैभन्दा धेरै २१ लाख १९ हजार ८१७ कित्ता शेयर किनबेच भएको छ ।

# उज्वेकिस्तानविरुद्धको खेल नेपाली महिला फुटबल टोलीका लागि अविस्मरणीय



काठमाडौँ । नेपाली राष्ट्रिय महिला फुटबल टोलीले उज्वेकिस्तानको तासकान्दमा सम्पन्न एएफसी महिला एसिया कप छनोट प्रतियोगितालाई कहिले बिर्सन नसक्ने प्रतियोगिताका रुपमा लिएको छ । टोलीका सदस्यहरुलाई फुटबल खेलबाट सन्यास लिइसकेपछि पनि सो प्रतियोगिताको नतिजाले पिरोलिरहने नेपाली टोलीकी कप्तान सावित्रा भण्डारी 'साम्बा'को भनाइ एकदमै मार्मिक छ । फुटबल मैदानमा सधैँ दृढ देखिने साम्बालगायतका खेलाडीले उज्वेकिस्तानविरुद्धको खेल समाप्त भएपछि मैदानमै आँसु खसालेको देखेपछि नेपाली फुटबल प्रेमीहरुले नरमाइलो मानेका थिए ।

सोमबार स्वदेश फर्कदासमेत महिला फुटबल टोलीका सदस्यहरुको अनुहारमा खुसी थिएन । सो टोलीका प्रशिक्षकहरुले पनि यो दुःखद क्षणलाई आगामी दिनमा पनि पक्कै बिर्सने छैनन् । नेपाली महिला फुटबल टोलीका लागि यो जत्तिको ठूलो प्रतियोगिता केही थिएन । यो अवसरलाई नेपाली टोलीले सही तरिकाले उपयोग गरेको थियो । सन् १९८६ देखि अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुँदै आएको नेपाली महिला फुटबल टोलीले १००औँ प्रतियोगिताका सिलसिलामा सबैभन्दा आक्रमक खेल खेल्दै हालसम्मकै सर्वाधिक गोल गर्न सफल भएको थियो । नेपाली महिला फुटबल टोलीको फाइटिङ स्पिरिटको सकारात्मक सन्देश सबैतिर फैलिएको छ । अन्तिम खेलमा उज्वेकिस्तानलाई कडा चुनौती दिँदा नेपाली टोली पेनाल्टी सुटआउटमा चुकेको थियो । नेपाल सम्भावित विजेताको अवसरबाट वञ्चित हुन पुग्यो । यसले नेपालको महिला फुटबलको आगामी मार्ग समेत अवरोध हुन पुग्यो ।

**क्षमायाचना**

अखिल नेपाल फुटबल सङ्घले खेलको नतिजा चाहेको जस्तो नभएको जनाएको छ । सङ्घले सबैको सहयोगको कदर पनि गरेको छ ।

नेपाली टोलीकी स्ट्राइकर प्रिति राईले नेपालको पराजयपछि सामाजिक सञ्जालमार्फत् सबैसँग माफी मागेकी छिन् । धेरै प्रयास गर्दा समेत खेलमा विजयी हुन नसकेको भन्दै उनले नेपाल पराजित भएकामा माफी मागेकी हुन् । नेपाली राष्ट्रिय फुटबल टोलीकी पहिलो कप्तान रमा सिंहको धारणा बेग्लै छ । उनले नेपाली महिला टोलीले खेल नहारेको धारणा व्यक्त गर्दै खेलको स्तर जितभन्दा माथि भएको बताइन् ।

**प्रशिक्षकको भूमिका**

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक प्याट्रिक डे विल्डेले आफ्नो नियुक्तिपछिको पहिलो जिम्मेवारीमै नेपाली महिला टोलीको खेलमा अत्यधिक सुधार गरेको स्पष्ट महसुस गराएका थिए । उनले खेलाडीहरुलाई किन सकिन्न र ? भन्दै उत्पेरित गर्ने गरेका थिए । नेपाली खेलाडीहरुले तीनवटा खेलमा क्रमशः सुधार गर्दै लगेको देखिएको थियो । यसमा मुख्य प्रशिक्षकको भूमिका महत्वपूर्ण मानिएको छ । मुख्य प्रशिक्षकले मैदानमा होस वा ड्रेसिङ रुममा दिएको जिम्मेवारी र सिकाएको शैलीलाई खेलाडीहरुले पछ्याएका थिए । उज्वेकिस्तानसँग ३ गोलले पछि पर्दा पनि नेपालले गोल फर्काउन सक्नु सानो उपलब्धि होइन । तर पेनाल्टीमा चुक्नु नेपालका लागि दुर्भाग्य बन्न पुग्यो । गोल मेसिनका रुपमा सशक्त खेलाडी बनेर प्रशंशाको पात्र बनेकी कप्तान साम्बाले प्रहार गरेको पेनाल्टी बल दुर्भाग्यबस गोल पोष्टको पोलमा लागेर फर्कनु, आफ्नो टोलीमा प्रिति राई र रेखा पौडेलजस्ता स्कोरर हुँदा हुँदै प्रशिक्षकले गोलकिपर अन्जना रानामगरलाई पेनाल्टी प्रहार गर्ने अवसर दिनु जस्ता कारणले नेपालको आगामी अष्ट्रेलियाको यात्रा टुङ्गिन पुगेको कुरालाई नकार्न सकिन्न ।

**गोलकिपरलाई दबाब**

मुख्य प्रशिक्षकले अन्जना रानामगरलाई लगातार तीन खेलमा खेलाउँदा उनलाई पक्कै दबाब परेको थियो । यस्तो अवस्थामा गोलकिपर नर्भस हुनु स्वाभाविक थियो । यसअघि विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा एन्जिला तुम्बापो सुब्बाले गोलकिपरको रुपमा नेपालको प्रतिनिधित्व गर्नुका साथै गोल बचाउने सन्दर्भमा पनि नाम कमाएकी थिइन । खेलको ख्यातीकै कारण उनको जीवनीमा आधारित 'अन्जिला' नामक चलचित्र निर्माण गरी उनलाई अभिनेत्रीका रुपमा ख्यातीप्राप्त सिनेमा निर्देशक निर्मल चाम्सले डेब्यु गराएका थिए । तासकान्दको प्रतियोगितामा मुख्य प्रशिक्षकले एन्जिलालाई कप्तानबाट हटाउनुका साथै लगातार तीन खेलमा जगेडा गोलकिपरका रुपमा बेन्चमा राखेका थिए । शनिबारको महत्वपूर्ण खेलमा प्रशिक्षकले नेपाली गोलकिपरका बारेमा ध्यान दिएको भए नतिजा सकारात्मक आउने थियो भन्नेहरु पनि छन । रक्षात्मक पक्षका खेलाडीहरुले गोल पोष्ट जोगाउन नसक्नु, गोलकिपर अन्जना रानामगरले सम्भावित गोलको आंकलन गर्न नसक्नु, बल प्रहार हुँदा ढिलो ड्राइभ गर्नु जस्ता कारणले गोल भएका थिए । पेनाल्टी प्रदर्शन अतिनै महत्वपूर्ण थियो । यस्तो निर्णायक पेनाल्टी सुटआउटमा नेपालले ४ मध्ये २ मात्र पेनाल्टी गोल गर्न सक्नु दुर्भाग्य हुन पुग्यो ।

**साम्बाको सफलता**

साम्बालाई कप्तानको जिम्मेवारी दिँदा पहिले विवाद पनि भएको थियो । कप्तानको जिम्मेवारी पाएपछि आफू तीनवटै खेल खेल्नुअघिको राति सुत्न नसकेको स्वयम् साम्बाले स्विकारेकी छिन् । एघार वर्ष महिला फुटबलमा बिताएकी साम्बाले यति ठूलो दबाब कहिल्यै पनि बेहोरेकी थिइनन । उनी टोलीका सबै खेलाडी कप्तान भएको मान्दछिन् । सबैको सहयोगमा उनको नेतृत्वमा टोलीले नतिजा हासिल गर्न सफलता प्राप्त गरेको थियो । नेपाली राष्ट्रिय महिला टोलीको पहिलो पटक नेतृत्व गर्ने जिम्मेवारी पाएकी साम्बाले नेपाललाई एशिया कपमा प्रवेश गराउन नसकेपनि नेपाली टोलीलाई सशक्त टोलीका रुपमा मैदानमा उतार्न सक्नु उनको सफलता मान्न सकिन्छ । तासकान्दमा खेलेका तीनवटै खेलमा नेपालले विपक्षी टोलीहरुलाई कडा चुनौती दिएको थियो । विश्व बरियताका क्रममा ५१औँ स्थानमा रहेको उज्वेकिस्तानलाई १००औँ स्थानमा रहेको नेपालले रक्षात्मक वा आक्रामक दुवै पङ्तीका तर्फबाट यथोचित प्रतिस्पर्धा गरेको थियो । कप्तान साम्बाले यसपाली तीनवटै खेलमा ह्याट्रिक गरेर कीर्तिमान कायम गरेकी थिइन् । उनले अन्तिम दिनको खेलमा २४औँ, ७१औँ र ७३औँ मिनेटमा लगातार तीन गोल गरेर प्रतियोगितामा तेस्रो ह्याट्रिक गरेर आफूलाई विश्वकै अब्बल दर्जाको खेलाडीका रुपमा परिचित गरेकी छिन् ।

**मौसमीको चुनौती**

नेपाली खेलाडीहरुका लागि उज्वेकिस्तानको मौसम पनि चुनौती बन्न पुगेको थियो । अत्यधिक गर्मीका कारण पहिलो खेलमा ज्यादै कठिन महसुस गरेका नेपाली खेलाडीहरु दोस्रो तथा तेस्रो खेलसम्म आइपुग्दा विस्तारै अभ्यस्त हुँदै गएका थिए । खेल अवधिमा रेफ्रीले खेल बीचैमा रोकेर कुलीङ ब्रेक दिने गरेका थिए । तापक्रम बढी भएको अवस्थामा खेल्नु पक्कै पनि सहज हुँदैन । यस्तो अवस्थामा रेफ्रीले खेल बीचैमा केही बेर रोकेर खेलाडीलाई पानी खाने समय दिन कुलिङ ब्रेक दिने नियम छ । यसले खेलाडीहरुको शरीरको तापक्रम नियन्त्रण गर्न सहयोग गर्दछ । तापक्रम बत्तीस डिग्री सेल्सियस पुगेपछि अत्यधिक तातो मानिन्छ । तापक्रम अत्यधिक बढेको अवस्थामा खेलाडीको सुरक्षाकाला गगि कुलिङ ब्रेक आवश्यक पर्दछ । उज्वेकिस्तानमा अहिले गर्मी मौसममा तापक्रम बढी भएकाले तातो र सुख्खा हुने गरेको छ । त्यो मुलुकमा सबैभन्दा बढी तापक्रम जुलाई महिनामा हुने गरेको छ । उज्वेकिस्तानका धेरै सहरमा यस महिनामा औसत दैनिक तापक्रम ३५ डिग्री सेल्सियस पुग्ने गरेको छ । तर जाडोयाममा भने अत्यधिक चिसो भइ तापक्रम माइनस एक डिग्री सेल्सियसदेखि माइनस ३ डिग्री सेल्सियससम्म झर्ने गर्दछ । एसियाली कपको छनोट चरणमा पराजित भएर प्रतियोगिताबाट बाहिरिए पनि नेपाली फुटबल टोलीले फुटबलप्रेमी दर्शकको मन जित्न सफल भएको छ । तर नेपालको एसिया कपमा सहभागिता अवरुद्ध हुनुका साथै आगामी फिफा महिला विश्वकप र ओलम्पिक जस्ता सम्भावित प्रतियोगितामा नेपालको सहभागिता पनि टुङ्गिएकोलाई दुःखद पक्ष मान्न सकिन्छ ।

उत्कृष्ठ लयमा रहेको नेपाली महिला राष्ट्रिय फुटबल टोलीले पनि रक्षात्मक हुन वा आक्रामक खेलको माध्यमबाट विपक्षीहरुलाई कडा चुनौती दिँदै बलियो उपस्थिति जनाएको थियो । लगातार तीनवटै खेलमा नेपालले आफूलाई बलियो टोलीका रुपमा मैदानमा उतार्नु मुलुककै फुटबल इतिहासमा गौरवको विषय हो । यस अघि नेपालले लाओसलाई ९-० गोलअन्तरले तथा श्रीलङ्कालाई ८-० गोलअन्तरले पराजित गर्दै आफ्नो टोली बलियो भएको प्रमाणित गरेको थियो ।

समग्रमा नेपालले आफूभन्दा माथिल्लो बरियताको टोलीसँग खेल्ने अवसर पाउँदा पक्कै पनि धेरै कुरा सिकेको छ । नयाँ खेलाडीहरु उत्पादन गर्ने, स्वदेश तथा विदेशका प्रतियोगिताहरुमा खेलाडीहरुलाई अत्यधिक प्रतियोगिताहरुमा सहभागी गराउने तथा खेलाडीहरुलाई खेलेर बाँच्न सक्ने अवस्था सिर्जना गर्नका लागि आवश्यक उपायहरु अवलम्बन गर्नु जरुरी छ । नेपालले तासकान्दमा सिकेको पाठलाई आगामी दिनमा व्यवहारमा उतार्दै नेपाली महिला फुटबललाई प्राथमिकतामा राखेर उचित रणनीति तर्जुमा गर्न अखिल नेपाल फुटबल सङ्घले तदारुकता देखाउन ढिलो गर्न हुँदैन ।

# वातावरणीय पर्यावरण जोगाउन वृक्षरोपण



श्रीकृष्ण सिग्देल

*स्याङ्जा*

नेपालका विकास बैंकहरुमध्ये वित्तीय कारोबारमा सफलता हासिल गर्दै आएको गरिमा विकास बैंकले वातावणीय पर्यावरण जोगाउन वृक्षरोपण अभियान सुरु गरेको छ । देशभर बैकिङ्क सञ्जाल रहेको गरिमा बैंकले धार्मिक, सांस्कतिक र वातावरणीय पर्यावरण जोगाउन वर, पिपल र स्वामीका बिरुवा वृक्षरोपण गरेको हो । धार्मिक र सांस्कृतिक रुपमा मानिदै आएका तीन वृक्ष पछिल्लो समय हराउने समस्या र यसका कारण वातावरणीय पर्यावरणमा समेत असर पर्न थालेपछि बैंकले देशभर वृक्षरोपण अभियान सुरु गरेको गरिमा विकास बैंकका अध्यक्ष दीलिपप्रताप खाँणले जानकारी दिए ।

स्याङ्जाको वालिङ १४ मा बैंकका अध्यक्ष खाँणले तीन बिरुवाको वृक्षरोपण शुभारम्भ गरेपछि विभिन्न ठाउँमा वृक्षरोपण सुरु गरिएको बैंकले जनाएको छ । पहिलो चरणमा ७ ठाउँ र तीन जिल्लामा वर, पिपल र स्वामीका बिरुवा वृक्षरोपण गरिएको छ । गरिमा विकास बैंकका शाखा कार्यालयको संयोजनमा ७ क्षेत्रमा पहिलो चरणमा वृक्षरोपण गरिएको बैंकले जनाएको छ । कास्की, स्याङ्जा र दाङ जिल्लाका ७ ओटा धार्मिक तथा पार्कहरुमा वृक्षरोपण सम्पन्न भएको गरिमा विकास बैंकको उपक्षेत्रीय कार्यालय वालिङका प्रमुख लेखनाथ भट्टराईले बताए ।

बैंकले कास्कीको पोखरा महानगरपालिकाको खोरथापे डाँडा–पुम्दीकोट र तुल्सीघाट पोखरा, स्याङ्जाको चापाकोट नगपालिकाको शिलतटार पार्क, वालिङस्थित गह्रौकालिका मन्दिर, भीरकोट नगरको छाङ्छाङ्दी मन्दिर परिषर र वालिङ नगरको १४ वालिङ स्कुलर्स फाउण्डेसन क्षेत्रमा वृक्षरोपण गरिएको जनाएको छ । ग्रामीण क्षेत्रमा सडक लैजानेक्रममा अधिकांश क्षेत्रमा वर, पिपल र स्वामीका रुखहरु नासिएका थिए । जसका कारण मानवीय स्वास्थ्यसँग प्रत्यक्ष जोडिने यी रुखहरु हराउन थालेपछि बैंकले यो अवधारणा अगाडि सारेको हो ।

अहिले वृक्षरोपण गरिएको क्षेत्रमा बिरुवा हुर्केपछि गरिमा चौपारी बनाउने लक्ष्य समेत रहेको गरिमा विकास बैंकका सिइओ माधव आचार्यले बताए । बैंकको सामाजिक उत्तरदायित्वभित्र पर्ने वातावरणीय पर्यावरण जोगाउने लक्ष्यअनुसार धार्मिक बिरुवा वृक्षरोपण गरिएको उनले बताए । हरिबोधनी एकादशीको अवसर पारेर शुभारम्भ गरिएको यो अभियान देशभर सञ्चालन हुने आचार्यले बताए । झण्डै ५ सय गरिमा चौपारी निर्माण गर्ने र उक्त चौपारीमा तीन धार्मिक वृक्षको शितलता प्रदान गराउने हाम्रो लक्ष्य रहेको बैंकले जनाएको छ ।

गरिमा विकास बैंकले जेष्ठ नागरिकका लागि गरिमा प्रतिक्षालयदेखि सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई पोशाक वितरण गरेर सहयोगी भूमिका खेल्दै आएको छ । विद्यालयमा शुद्ध खानेपानीदेखि स्वास्थ्य सामग्रीहरु सहयोग गरेर सामाजिक उत्तरदायित्वमा उत्कृष्ट भूमिका खेल्दै आएको बैंकले यो पटक वातावरणीय पर्यावरण जोगाउन महत्वपूर्ण काम सुरु गरेको छ । वित्तीय कारोबार गरेर नाफा मात्रै कमाउने होइन, सामाजिक उत्रदायित्वमा पनि भूमिका हुनुपर्छ भन्ने सन्देश गरिमा विकास बैंकले दिएको छ ।

# विभिन्न अपराधिक घटनाका फरार ७ जना पक्राउ

नवलपुर । नवलपुरका विभिन्न अपराधिक घटनाका संलग्न रही फरार रहेका ७ जना अभियुक्त नवलपुर प्रहरीले प्रक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायव उपरीक्षक मधु नेपालका अनुसार उनीहरु जबरजस्ती करणीदेखि सवारी ज्यान मुद्दासम्मका अभियोगमा दोषी ठहर भएकासम्म छन् ।

पक्राउ परेकाहरुलाई नवलपुर जिल्ला अदालतमा पेश गरी सजाय भुक्तानका लागि जेल चलान गरेको प्रहरी नायव उपरीक्षक मधु नेपालले बताए ।

प्रहरीका अनुसार जबरजस्ती करणी मुद्दाको फरार प्रतिवादी कावासोती ३ निवासी ५७ वर्षीय भगवत भट्टराई, लिखित बेइज्यती मुद्दाको फरार प्रतिवादी देवचुली ३ निवासी ४२ वर्षीय सुदन पाठक, चौपाय चोरी मुद्दाको फरार प्रतिवादी देवचुली ५ निवासी ३६ वर्षीय कृष्णबहादुर नेपालीलाई पक्राउ गरिएको छ ।

त्यसैगरी सवारी ज्यान मुद्दाको फरार प्रतिवादी देवचुली १७ निवासी ५१ वर्षीय भुपाल थापा मगर, लागुऔषध मुद्दामा फरार प्रतिवादी देवचुली २ निवासी २२ वर्षीय विशाल बि.क., सवारी ज्यान मुद्दाकै फरार प्रतिवादी विनयी त्रिवेणी गाउँपालिका ७ निवासी २५ वर्षीय हिराबहादुर गुरुङ र डाँकाचोरी मुद्दाको फरार प्रतिवादी विनयी त्रिवेणी गाउँपालिका ६ निवासी २२ वर्षीय विक्रम गुरुङलाई पक्राउ गरिएको हो ।

**बालेनका...**

२०४८ सालमा कांग्रेसका रामकृष्ण ताम्राकारले चुनाव जितेको यहाँ ०५१ मा एमालेका धनपति उपाध्यायले जितेका थिए । उपाध्यायको निधनपछि रिक्त रहेको सो क्षेत्रमा उप-चुनाव हुँदा २०५२ मा एमालेकै घनश्याम भुसालले जितेका थिए । २०५६ सालमा फेरि कांग्रेसका ताम्राकारले जिते भने २०६४ सालमा क्षेत्र पुनर्संरचना भएपछि बालकृष्ण खाँण निर्वाचित भए । २०७० सालमा पुरानै निर्वाचन क्षेत्र हुँदा दीपक बोहरा राप्रपाबाट विजयी भएका थिए । २०७४ मा नयां भूगोल समेटेर क्षेत्र नं. ३ बनेपछि एमालेका घनश्याम भुसाल र २०७९ मा पुनः राप्रपाका दिपक बोहरा एमालेको समर्थनमा विजयी भएका थिए ।

२०७४ सालमा नेपाली कांग्रेसले दीपक बोहरालाई उम्मेदवार बनाएर बालकृष्ण खाँणलाई समानुपातिक सांसद बनाएको थियो । तर, एमालेका तर्फबाट घनश्याम भुसालले ३२ हजार ८६६ मत ल्याएर जिते । बोहराले २७ हजार ४२२ मत ल्याएका थिए । त्यतिबेला एमाले र माओवादी केन्द्र मिलेर चुनाव लडेका थिए ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२।०३।२४

यस कम्पनीको मिति २०८२।०२।२८ मा सम्पन्न बार्षिक सभा / बिशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी क्रिमसन फार्मेसी (Crimson Pharmacy) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नाम क्रिमसन सर्जिकेम प्रा.लि. (Crimson Surgichem Pvt.Ltd) ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।०३।०९ को निर्णय अनुसार कम्पनीको नाम क्रिमसन सर्जिकेम प्रा.लि. ( Crimson Surgichem Pvt.Ltd) कायम गरिएको ब्यहोरा जानकारी गराइन्छ ।

**क्रिमसन सर्जिकेम प्रा. लि.**

तिलोत्तमा ५, मणिग्राम रुपन्देही फोन नं. ०७१-५६२७४

## श्री बगहा माध्यमिक बिद्यालय, बगहा
**रोहिणी गाउँपालिका– १०, रुपन्देही**

**विषय : विज्ञापन सम्बन्धमा ।**

**प्रकाशित मितिः २०८२।०३।२२**

उपर्युक्त सम्बन्धमा रोहिणी गा.पा.को मिति २०८२।०३।०९ च.नं. ११२४ पत्र सं. २०८१/०८२ पत्र अनुसार यस विद्यालयलाई प्राप्त विज्ञान प्रयोगशाला सहायक गा.पा स्तरको कोटामा वि.व्य.स.को मिति २०८२।०३।२१ को निर्णय अनुसार करार पदपूर्तिका लागि तपसिल अनुसारको योग्यता भएका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

विज्ञापन नं. २/०८१/०८२
पद : विज्ञान प्रयोगशाला सहायक
किसिम : करार
शैक्षिक योग्यता : Isc
दस्तुर : रु.१५००।- (पछि फिर्ता नहुने )
तलब : रोहिणी गा.पा. को आर्थिक मापदण्ड अनुसार
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका
संख्याः १ (एक)
परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र प्रयोगात्मक (विज्ञान प्रयोगशाला सम्बन्धी)
दरखास्त दिने अन्तिम मितिः २०८२।०४।०५ गते सोमवार दिउँसो ४ बजे सम्म ।
सम्पर्क मिति : २०८२।०४।०६ गते मंगलवार (दिउँसो २:०० बजे सम्म)

**आवश्यक कागजात :**
- हस्त लिखित निवेदन १ प्रति
- नेपाली नागरिकताको प्रतिलिपि २ प्रति
- निरोगिताको सक्कल प्रमाण पत्र १ प्रति
- शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि २ थान

नोट : दस्तुर रकम विद्यालयको चल्ती खाता नं. ०९४४१५००१९७३३००२ एन.आई. एशिया बैंक, मा जम्मा गरी सोको भौचर पेश गर्नु पर्ने साथै रित नपुगेका दरखास्त स्वतः रद्ध हुनेछ ।

**थप जानकारीको लागि सम्पर्क नं.** ९८५७०५२९६८, ९८५७०१५५४६ र ९८२१४९१२२९

लाल बहादुर उप्रेती
अध्यक्ष वि.व्य.स.
श्री बगहा मा.वि.

प्रधानाध्यापक
श्री बगहा माध्यमिक विद्यालय

## श्री आदर्श माध्यमिक विद्यालय
**रामग्राम– ५, परासी, नवलपरासी (ब.सु.प.)**
**लुम्बिनी प्रदेश, नेपाल**

**शिक्षक आवश्यकता**

मिति २०८२/०३/२२

उपर्युक्त विषयमा यस श्री आदर्श माध्यमिक विद्यालय रामग्राम - ५, परासी नवलपरासीमा मिति २०८२/०३/२० गतेको विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार नमुना विकास कार्यक्रम अन्तर्गत सुशासनको बजेटबाट व्यवस्थापन हुने गरी तपसिल बमोजिमको पदमा खुला विज्ञापन गरिएको हुँदा तपसिल अनुसारको सर्तभित्र रही नेपाली नागरिकबाट रीतपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नम्बर | तह | विषय | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०९-२०८१/०८२ | माध्यमिक | अङ्ग्रेजी | १ | |

१. **पद संख्या** : १   २. **किसिम** : नमुना विकासअन्तर्गत करार
३. **विषय** : अङ्ग्रेजी   ४. **शैक्षिक योग्यता** : अङ्ग्रेजी मूल विषय लिई स्नातक तह उत्तीर्ण भएको
५. **आवेदनका साथ पेस गर्नुपर्ने कागजातहरु :**
❒ शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु ❒ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
❒ स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि ❒ हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति
६. **परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता र आवश्यक परेमा प्रयोगात्मकसमेत
७. **परीक्षाको विषयवस्तु** : शिक्षक सेवा आयोगको पाठ्यक्रमअनुसार
८. **उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको   ९. **तलब स्केल** : विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार ।
१०. **परीक्षा दस्तुर** : माध्यमिक तहका लागि रु. १,५००।- (एक हजार पाँच सय) मात्र राष्ट्रिय वाणिज्य बैंक परासीको चल्ती खाता नं. ३१००१००००१४८७००१ मा रकम जम्मा गरेको बैंक भौचरको सक्कल प्रति ।
११. **दरखास्त पेस गर्ने अन्तिम मिति** : २०८२/०४/०४ गते विद्यालय समयभित्र ।
१२. **दरखास्त दिने स्थान** : श्री आदर्श माध्यमिक विद्यालय, रामग्राम-५, परासी
१३. **सम्पर्क मिति** : २०८२/०४/०५ गते विद्यालय समयभित्र ।   १४. परीक्षाको मिति : सम्पर्क मितिमा तोकिने छ ।
१५. **सम्पर्क नम्बर** : ९८५७०३४७७५ / ९८४७२९८०९०
**नोटः माथिल्लो योग्यता भएका र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।**

**प्रधानाध्यापक**
**ऋषिराम ढकाल**

## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।**

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

**सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?**
**हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।**
**क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार**



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# सुनचाँदी व्यवसायी संघद्वारा विरोध सभा




देवदह । सुनमा लगाएको करको विरुद्धमा रुपन्देहीको देवदहमा विरोध सभा सम्पन्न भएको छ। रुपन्देही सुनचाँदी व्यवसायी संघको आयोजना र देवदह सुनचाँदी व्यवसायी संघको व्यवस्थापनमा उक्त कोणसभा सम्पन्न भएको हो।

रुपन्देही सुनचाँदी व्यवसायी संघको आयोजनामा मणिग्रामदेखि सुरु भएको मोटरसाइकल विरोध र्‍याली भैरहवा, ओमसतिया, भवानीपुर, शितलनगर हुँदै देवदहको खैरेनी चोकमा आएर कोणसभामा परिणत भएको थियो।

सुनमा २ प्रतिशत विलासिता कर र हिरा तथा बहुमूल्य पत्थरजन्य वस्तुमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाएपछि सुनचाँदी व्यवसायीहरु विगत १३ दिनदेखि पसल बन्द गरेर आन्दोलनमा उत्रेका हुन् । व्यवसयीहरुले लाखौ रकम लगानी गरेर सञ्चालन गरेका सुनचाँदी पसलहरु बन्द गरेर देशभर आन्दोलनमा होमिएको देवदह सुनचाँदी व्यवसायी संघका अध्यक्ष ईन्द्रबहादुर सुनारले जानकारी दिए।

कोणसभामा बोल्ने वक्ताहरुले राज्यले सुनमा लगाएको करका कारण व्यवसायीहरु दिन प्रतिदिन धरासायी हुँदै गएको बताएका थिए । उनीहरुले देशको अर्थतन्त्र सुधार र रोजगारमा सुनचाँदी व्यवसायीहरुले महत्वपूर्ण भूमिका खेले पनि करका कारण व्यवसायीहरु पलायन हुने अवस्थामा पुगेको बताएका थिए।

उनीहरुले देश आर्थिक मन्दीको चपेटामा परिरहेको अवस्थामा राज्यले सुनमा २ प्रतिशत विलासिता कर लगाएर व्यवसायीहरुमाथि अन्याय गरेको बताएका थिए । उनीहरुले राज्यले सुनमा लगाएको करका कारण करौडौ रकम लगानी गरेको व्यवसाय डुब्ने अवस्थामा पुगेको उल्लेख गरेका थिए। उनीहरुले राज्यले व्यवसायीहरुलाई संरक्षण गर्नुको सट्टा विस्तावित गर्ने नीति अवलम्बन गरेको आरोप लगाएका थिए।

रुपन्देही सुनचाँदी व्यवसायी संघका अध्यक्ष गोपाल विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रममा सुनचाँदी व्यवसायी संघ लुम्बिनी प्रदेशका उपाध्यक्ष हरिबहादुर सुनार, रुपन्देही सुनचाँदी व्यवसायी संघका पूर्वअध्यक्ष रामकृष्ण सेन्चुरी, देवदह व्यापार संघका कोषबहादुर गुरुङ्ग, देवदह उद्योग वाणिज्य संघका अध्यक्ष हरि भण्डारी, सुनचाँदी व्यवसायी संघ देवदहका ईन्द्रबहादुर सुनार, देवदह महिला सुनचाँदी व्यवसायी संघका अध्यक्ष सुजता गहतराज, सुनचाँदी व्यवसायी संघ भैरहवाका राजन रसाइलीलगायतले बोल्दै सुनमा लगाएको २ प्रतिशत विलासिता कर खारेज गर्नुपर्ने, हिरा तथा बहुमूल्य पत्थरजन्य वस्तुमा लगाएको १३ प्रतिशत भ्याट खारेज गर्नुपर्ने र सुनमा लगाएको भन्सार दर ६ प्रतिशत कायम गर्नुपर्नेमा जोड दिएका थिए।

रुपन्देही सुनचाँदी व्यवसायी संघका वरिष्ठ उपाध्यक्ष मनोज सेन्चुरीको स्वागत र महासचिव दिपक कौशलको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# पामिरमा एसईई उत्तीर्ण विद्यार्थी, शिक्षक र अभिभावकलाई सम्मान



तिलोत्तमा । पामिर इन्टरनेशनल एकेडेमी तिलोत्तमा-२ जानकीनगरले २०८१ सालको एसईई परीक्षामा उत्तीर्ण विद्यार्थीहरुलाई एक कार्यक्रमकाबिच सम्मान गरेको छ।

एसईई परीक्षामा ३.९३ जीपीए ल्याउन सफल उषा अधिकारीलगायत २५ जना विद्यार्थी, तिनका अभिभावक तथा शिक्षक शिक्षिकाहरुलाई पामिरले सम्मान गरेको हो। विद्यालयले ए प्लस ल्याएका नौ जना विद्यार्थीलाई नगदसहित सम्मान गरेको थियो भने अन्य विद्यार्थीहरुलाई अबिर, खादा र मायाको चिनोद्वारा सम्मान गरेको थियो। त्यस्तै विद्यालयका नेपाली शिक्षक केशव खनालले आफ्नो विषयमा ए प्लस ल्याउने चारजना विद्यार्थीहरु उषा अधिकारी, इशान ज्ञवाली, इश्मा दर्लामी र आविष्कार नेपालीलाई जनही नगद ५ हजारसहित सम्मान गरेका थिए।

कार्यक्रमकै अवसरमा विद्यालयका प्राचार्य गोपाल गौतम, शिक्षकहरु अमित राना, विनोद रणपाल, केशव खनाल, गोपाल ज्ञवाली, सम्झना श्रेष्ठ, अर्जुनप्रसाद पन्तलगायतलाई पनि सम्मान गरिएको थियो।

विद्यार्थीहरुलाई सम्मान गर्दै तिलोत्तमा वडा नम्बर २ का वडाध्यक्ष डिलबहादुर भट्टराईले सिंगो तिलोत्तमाले शिक्षा क्षेत्रमा महत्वपूर्ण फड्को मारिरहेको र २ नम्बर वडा शैक्षिक प्रगतिको केन्द्र बनिरहेको बताए। उनले पामिरले ल्याएको नतिजा तिलोत्तमाकै लागि महत्वपूर्ण उपलब्धि रहेको चर्चा गर्दै उत्तीर्ण सबै विद्यार्थीहरुको आगामी शैक्षिक सफलताको लागि शुभकामना दिए।

त्यस अवसरमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहन चापागाईंले विद्यार्थीहरुलाई आगामी शैक्षिक यात्राको सफलताको शुभकामना दिंदै पामिरले यसवर्ष अहिलेसम्मकै उत्कृष्ट नतिजा हासिल गर्न सफल भएको बताए।

गतवर्षको एसईईमा तिलोत्तमामै प्रथम भएको पामिरले विद्यालयको इतिहासमा भने यसवर्ष अहिलेसम्मकै उत्कृष्ट नतिजा ल्याउन सफल भएको चापागाईंले जनाए । पामिरले शिक्षण सिकाइसँगसँगै व्यवहारिक सिकाइलाई पनि जोड दिंदै आएको, प्रविधितर्फ विद्यार्थीलाई केन्द्रित गरेको, अतिरिक्त क्रियाकलापमा जोड दिएको र गुणस्तर सुधारमा विद्यालयले उल्लेख्य प्रगति हासिल गरेको चापागाईंले उल्लेख गरे।

विद्यालयका प्राचार्य गोपाल गौतमले जीपीए फोर मात्रै ठूलो कुरा नभएको भन्दै विद्यालयमा विद्यार्थीले कस्तो ज्ञान र शिक्षा हासिल गर्छन् भन्ने कुरा महत्वपूर्ण रहेको बताए । उनले विद्यार्थीहरुको आगामी शैक्षिक यात्राको शुभकामना समेत दिए।

त्यस अवसरमा विद्यालयका शिक्षा समितिका संयोजक वसन्त जोशी, अभिभावकको तर्फबाट रामबहादुर खड्का, विद्यालयका शिक्षक केशव खनाल, ३.९३ जीपीए ल्याउन सफल विद्यार्थी उषा अधिकारीलगायतले पनि आ-आफ्नो धारणा व्यक्त गरेका थिए।

# खानेपानीबाट ३४ हजार बढी घरधुरी लाभान्वित



**लक्ष्मण घिमिरे**
*अर्घाखाँची*

संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाबाट अर्घाखाँची, गुल्मी र पाल्पाका ३४ हजारभन्दा बढी घरधुरी लाभान्वित भएका छन् । तीन जिल्ला हेर्नेगरी अर्घाखाँचीमा स्थापना भएको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाबाट तीन जिल्लाका ३४ हजार ५८० घरधुरीले सेवा पाएका छन् । जलवायु अनुकुलित खानेपानी प्रदान गर्ने उद्देश्य अनुरुप तीन जिल्लामा योजना सञ्चालित छन्।

आयोजनाका अर्घाखाँचीमा ४४ वटा योजना, गुल्मीमा ४५ वटा योजना र पाल्पामा ३४ वटा गरी १२३ वटा योजनामा काम भइरहेको छ । ३४ हजारबढी घरधुरीका एकलाख ६० हजार २६८ जनसंख्याले स्वच्छ खानेपानी पाउने छन्।

अर्घाखाँचीका घुरुङखोला फुदबाङ सन्धिखर्क खानेपानी आयोजना, हाडेखोला चिदीका वृहत् खानेपानी योजना, साहुबोट मैदान वृहत् खानेपानी योजना, खिल्जी साम्नेगाउँ वृहत् खानेपानी योजना ठूला परियोजनाअन्तर्गत गर्दछन्।

गुल्मीको रेसुङ्गा खानेपानी आयोजना सबैभन्दा ठूलो आयोजना हो । अन्तिम चरणमा पुगेको योजना सम्पन्न हुनासाथ ६ हजार ४ सय घरधुरीका ३२ हजार ९९१ जनसंख्या लाभान्वित हुनेछन् । यस्तै छत्रकोट खानेपानी आयोजना भर्खर सम्पन्न भएको छ । यो आयोजनामा ९५६ घरधुरीका ४ हजार ८८४ जनसंख्याले खानेपानी पाएका छन्।

यस्तै पाल्पामा सञ्चालित ३४ वटा योजनामध्ये तानसेन कालीगण्डकी खानेपानी आयोजना, बर्तुङ खानेपानी आयोजना, पाल्पा दम्कडा लिफ्ट खानेपानी आयोजना ठूला आयोजनामध्ये पर्ने संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका प्रमुख अरुणकुमार खरेलले जानकारी दिए।

तीन जिल्लामा अर्बौं रुपैयाँका योजना सञ्चालित रहेको आयोजना प्रमुख खरेलको भनाइ छ । '६ वटा शीर्षकमा रहेर हामीले काम गरिहेका छौं,' उनले भने-'स्वच्छ खानेपानी प्रदान गर्ने यो अभियानमा ३ जिल्लामा अर्बौं रुपैयाँको काम भइरहेको छ ।' कतिपय बस्तीमा पानीको स्रोत नभएपछि बस्तीदेखि कयौं दूरीबाट पानी तानेर ल्याइएको, कतिपयमा मुलहरु नभएपछि लिफ्ट गरेर ल्याइएको इञ्जिनियर सुनिल पोखेललले बताए । गाउँघरमा खानेपानीको भरपर्दो र व्यवस्थित श्रोत नभएपछि खानेपानीको समस्यालाई दिगो रुपमा समाधान गर्न कार्यालय प्रयासरत रहेको उनको भनाइ छ।

आयोजनाले घरघरमा पानी पुर्‍याएपछि स्थानीयवासी खुशी छन् । घरमै खानेपानी पुगेपछि बिहानसाँझ पानी बोक्नु पर्ने हैरानीबाट स्थानीयवासीले मुक्ति पाएका छन् । 'पानीको भरपर्दो व्यवस्था थिएन । साँझबिहान बाल्टी बोकेर पानी बोक्न हिंड्नुपर्ने बाध्यता पनि हट्यो। यो आयोजनाले सम्पूर्ण गाउँकै समस्या हटेको छ।' -अर्घाखाँचीको छत्रदेवमा सञ्चालित हाडेखोला चिदीका वृहत् खानेपानी आयोजनाबाट लाभान्वित स्थानीय सञ्जय पाण्डेले भने।

**कार्यालय सर्ने भएपछि जिल्लावासी निराश**

तीन जिल्ला हेर्नेगरी अर्घाखाँचीमा रहेको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय अन्यत्र सर्ने भएपछि जिल्लावासी निराश बनेका छन्। यहाँ रहेको कार्यालय बुटवल सर्ने भएपछि सर्वसाधारण निराश भएका हुन्।

अर्घाखाँची, गुल्मी र पाल्पा कार्यक्षेत्र रहेको यो आयोजना कार्यालय आर्थिक अभावको कारण देखाउँदै मन्त्रालयले बुटवल सारे भएपछि चलिरहेका आयोजना अलपत्र पर्ने हुन् कि भन्ने स्थानीयले चिन्ता व्यक्त गरेका छन्।

जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइरालाले जनताको सुविधालाई मध्यनजर गर्दा कार्यालय सर्न नहुने बताए । तीन जिल्लाका विशाल आयोजनाहरु सञ्चालन भइरहेको अवस्थामा कार्यालय अन्यत्र जाँदा जनताले थप सास्ती भोग्नुपर्ने उनको भनाइ छ। 'पोहोर साल नै कार्यालय सर्ने भन्ने थियो, तर हामीले रोक्यौं,' उनले भने-'अहिले पनि कार्यालय सर्ने कुरा आएको छ, हामीले पहल त गरिहेका छौं, तर राज्यको कुरा हो हेरौं।'

संघीय सरकारअन्तर्गत खानेपानी तथा सरसफाइ मन्त्रालयले सञ्चालन गर्दै आएको यो आयोजनाले पहाडी बस्तीहरूमा खानेपानी तथा ढल व्यवस्थापनसम्बन्धी कार्य गर्दै आएको छ। कार्यालय सर्दा पहाडी क्षेत्रमा सञ्चालित थुप्रै योजना अधुरो रहने स्थानीयको चिन्ताको विषय बनेको छ । एक हजारभन्दा कम जनसंख्या भएका आयोजनाहरू प्रदेशले हेर्ने र ठूला आयोजना संघीय कार्यालयमार्फत् सञ्चालन हुँदै आएको छ। त्यसैअनुसार अर्घाखाँचीमा संघीय कार्यालय स्थापना भएको थियो। तर अहिले कार्यालय बुटवल सारिने भएपछि जिल्लामा सञ्चालनमा रहेका बहुवर्षीय योजनाहरू प्रभावित हुने, समन्वयमा कठिनाइ हुने र प्रगतिको गति सुस्त हुनेमा स्थानीयले चिन्ता व्यक्त गरेका छन्।

मुल कार्यालय बुटवल गए पनि फिल्ड कार्यालय भने सन्धिखर्कमै रहने कार्यालयले जनाएको छ।

# नानोप्लेक्स हेयर ट्रिटमेन्ट सेमिनार



बुटवल । समृद्धि हेयर ड्रेसिङ बुटवलको आयोजनामा एकदिने 'अम्यया ब्रान्ड'को नानो प्लेक्स ट्रीटमेन्ट सेमिनार बुटवलमा सम्पन्न भएको छ। रसायनरहित (भेगन) कपाल उपचार तथा सुरक्षा प्रविधिबारे जानकारी गराउने उद्देश्यसहित आयोजित कार्यक्रममा लुम्बिनी प्रदेशसहित विभिन्न जिल्लाबाट १५० जना हेयर स्टाइलिस्ट तथा ब्युटिसियनको सहभागिता रहेको समृद्धि हेयर ड्रेसिङका सञ्चालक मोहन ठाकुरले जानकारी दिए।

सञ्चालक ठाकुरका अनुसार अम्यया ब्रान्डले प्रयोगमा ल्याएको नानोप्लेक्स ट्रीटमेन्ट कपालको जरा, बनावट र सुरक्षालाई ध्यानमा राखेर तयार पारिएको प्राकृतिक सामाग्रीमा आधारित प्रविधि हो। कार्यक्रममा दाङ, बाँके, बर्दिया, नवलपरासी, चितवन, स्याङ्जालगायत विभिन्न स्थानबाट सहभागीहरू आएका थिए।

सेमिनारमा अम्यया ब्रान्डका हेयर एक्सपर्ट सिवासिस दासले प्रयोगात्मक प्रदर्शन गर्दै नानोप्लेक्स ट्रीटमेन्टको सही तरिका र नयाँ शैलीहरुबारे प्रशिक्षण दिएका थिए । दासले रसायनरहित सामग्री प्रयोग गर्दा सेवाग्राहीको कपाल मात्र होइन, ब्युटिसियनको स्वास्थ्य पनि जोगिने बताए।

सञ्चालक ठाकुरले अम्यया ब्रान्डको प्रयोगले सलोनलाई 'धुवा रहित' बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे। 'केमिकलको कारण उत्पन्न हुने धुवाँले सलोनमा काम गर्नेहरू र ग्राहक दुवैको स्वास्थ्यमा असर पुर्‍याउँछ,' उनले भने-'भेगन उत्पादनको प्रयोगले यस समस्याबाट मुक्ति दिन्छ।'

सेमिनारले स्थानीय तथा क्षेत्रीयस्तरका ब्युटिसियनहरूबिच व्यावसायिक ज्ञानको आदानप्रदान गर्दै नयाँ प्रविधिप्रति उत्साहित बनाएको सहभागीहरूले बताएका छन् । समृद्धि हेयर ड्रेसिङले भविष्यमा पनि यस्ता प्रविधिमैत्री र स्वास्थ्यकेन्द्रित तालिम कार्यक्रम सञ्चालन गर्ने जनाएको छ।

# नवलपुरमा भाले गैंडा मृत फेला

नवलपुर । नवलपुरको विनयी त्रिवेणी गाउँपालिका १ ज्यामिरेस्थित खोला किनारमा एउटा भाले गैडा मृत फेला परेको छ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका अनुसार अन्दाजी १५ वर्षको १/२ महिना अगाडि नै मृत्यु भएको जस्तो देखिने गैंडा मृत फेला परेको हो।

सडेगलेको अवस्थामा गैंडा मृत फेला परेको डिभिजन वन कार्यालय नवलपुरलाई खबर गरेको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक यादव ढकालले बताए । डिभिजन वन कार्यालय नवलपुरका सूचना अधिकारी एवम् वन अधिकृत शिशिर लम्सालले गैंडा कालगतिले मरेको जस्तो देखिएको र खाग सुरक्षित रहेको जानकारी दिए।

उनका अनुसार प्रहरीको सहयोगमा वन अधिकृतहरुको टोलीले गैंडाको शव पोष्टमार्टमको तयारी गरेको छ।

त्यसैगरी नवलपुरको कावासोती ८ स्थित खरकट्टा जंगलमा सवारी साधनको ठक्करबाट एउटा पोथी जातको चित्तल घाइते भएको छ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका अनुसार सोमबार बिहान ६ बजेतिर पूर्वपश्चिम राजमार्गमा चित्तल घाइते अवस्थामा भेटेर उद्धार गरी डिभिजन वन कार्यालय नवलपुरको जिम्मा लगाइएको थियो।

घाइते चित्तलको डिभिजन वन कार्यालयमा राखेर उपचार भइरहेको डिभिजन वन कार्यालय नवलपुरका सूचना अधिकारी शिसिर लम्सालले बताए।

उनका अनुसार उक्त चित्तल गाडीको आक्रमणबाट घाइते भएको हो, तर ठक्कर दिने सवारी साधनको पहिचान भएको छैन।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com